फोन नं.:-०५७-५२०४९५
फ्याक्स नं.:-०५७-५२३८२२
ईमेल:-daomakawanpur@gmail.com
फेसबुक पेज:-
www.facebook.com/daomakawanpur

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मकवानपुर

पत्र संख्याः विपद्/०८३/८४
च.नः-

मिति:- २०८३।०५।१५

## सवारी आवागमन व्यवस्थापन सम्बन्धी अत्यन्त जरुरी सूचना !!!

पृथ्वीराजमार्ग अन्तर्गत धादिङ्ग जिल्लाको कृष्णभीरमा सडक अवरुद्ध भएको एवं मकवानपुरको हेटौंडा हुँदै विभिन्न राजमार्ग प्रयोग गरी आवागमन गर्ने सवारी साधनको अत्याधिक चाप बढेको वर्तमान अवस्थामा हेटौंडाबाट काठमाडौंतर्फ जाने अन्य वैकल्पिक सडक मार्गहरूको क्षमता तथा यात्रुहरूको सुरक्षा समेतलाई ध्यानमा राख्दै विगत २ दिनको ट्राफिक व्यवस्थापनको अवस्थालाई समेत विश्लेषण गरी सवारी आवागमनलाई सहज, सुरक्षित तथा व्यवस्थित बनाउन मिति २०८३।०५।१६ देखि देहाय बमोजिम गर्न/गराउनहुन सम्बन्धित सबैमा अनुरोध छ ।

१. १० चक्कासम्मका सम्पूर्ण मालवाहक तथा ठूला यात्रुवाहक सवारी साधनहरू त्रिभुवन राजपथ हुँदै काठमाडौंतर्फ जाने र फर्किंदा कान्ति राजमार्ग हुँदै फर्किने व्यवस्था मिलाउने । साथै, मौसम र बाटो लगायत यात्रुहरूको सुरक्षालाई समेत मध्यनजर गर्दै कान्ति राजमार्ग हुँदै हेटौंडातर्फ आउने यात्रुवाहक सवारी साधनहरू अनिवार्य रूपमा साँझ ६:०० बजे भित्रमा मकवानपुर जिल्लाको इलाका प्रहरी कार्यालय ठिङ्गन चेकपोष्ट पार गरिसक्नुहुन ।

२. १४ सिटभन्दा कम क्षमता भएका साना यात्रुवाहक सवारी साधनहरू हेटौंडातर्फ आउँदा फर्पिङ् - फाखेल - कुलेखानी हुँदै भिमफेदी तर्फ आउने तथा काठमाडौंतर्फ जाँदा भीमफेदी - कुलेखानी - सिस्नेरी - दक्षिणकाली हुँदै जाने व्यवस्था मिलाउनुहुन ।

३. मकवानपुरको त्रिखण्डी नजिक रहेको बेलिब्रिजको भारवहन क्षमता कमजोर रहेको हुँदा इन्धन तथा भारी मालवाहक सवारी साधनहरूले उक्त बेलिब्रिज प्रयोग नगरी सँगै रहेको डाइभर्सन हुँदै जानुहुन ।

४. विपद्जन्य समय भएकोले अत्यावश्यक अवस्थामा मात्र यात्रा गर्ने, कुनै पनि राजमार्गमा सवारी चालकहरूले धैर्य एवं अनुशासनपूर्वक आफ्नो पालोमा मात्र सवारी सञ्चालन गर्ने, ओभरटेक नगर्ने तथा ट्राफिक व्यवस्थापनमा खटिएका सुरक्षाकर्मी/ट्राफिक प्रहरीको निर्देशन पूर्ण रूपमा पालना गर्नुहुन ।

उल्लिखित व्यवस्थाको पालना गरी सवारी आवागमनलाई सहज बनाउन सहयोग गरिदिनुहुन सम्पूर्ण सवारी चालक, यातायात व्यवसायी तथा यात्रुहरूमा हार्दिक अनुरोध छ।

८३/०५/१५
सन्तोष सुवेदी
प्रशासकीय अधिकृत